## अन्तराष्ट्रिय पदक विजेता एवं राष्ट्रिय स्तरका खेलाडी तथा प्रशिक्षकहरुसँग अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन

**क. पृष्टभुमिः**

युवा तथा खेलकुद मन्त्रालयको आर्थिक बर्ष २०७८/७९ को वार्षिक कार्यक्रम अन्तर्गत वजेट उपशीर्षक नं ३४३००१०२ मा प्रस्ताव गरिएको अन्तराष्ट्रिय पदक विजेता एवं राष्ट्रिय स्तरका खेलाडी तथा प्रशिक्षकहरुसँग अन्तरक्रिया कार्यक्रम बिभिन्न चरणको सम्बन्धित निकायहरुको प्रतिनिधिहरुको राय सुझाव तथा छलफलको आधारमा तय गरिएको थियो । यस कार्यक्रमको लागि नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी वल जम्मा ३३ जना खेलाडी, श्रीमान् सचिवज्यू, तथा मन्त्रालयका कर्मचारीहरु समेतको उपस्थिति रहने गरी करिव ५० जनाको लागि कार्यक्रम तय गरिएको थियो । बर्तमान समयमा कोभिड १९ को सुरक्षा मापदण्डको पालन हुने गरी कार्यक्रममा संचालन गरिएको थियो ।

**ख. कार्यक्रमको उदेश्यः**

अन्तरक्रियाको माध्यम वाट खेल क्षेत्रमा खेलाडीहरुले भोगेका समस्याहरु तथा सफल खेलाडी हुनको लागि गरिनु पर्ने प्रयत्न तथा ब्यक्तित्व विकासको लागि खेलाडीहरुमा उत्प्रेरणा जगाउने रहेको थियो ।

**ग. कार्यक्रम सञ्चालन भएको मिति, स्थान र कार्यतालिकाः**

१. मितिः २०७८ पौष १५ गते ।
२. स्थानः जिल्ला समन्वय समितिको सभाहल, धादिङ।
३. कार्यक्रम सत्र बिहान ११.०० देखि. ४ बजे सम्म
४ .अध्यक्षताः डा. दामोदर रेग्मीज्यू, युवा तथा खेलकुद मन्त्रालय ,सचिव
६ .प्रमुखआतिथ्यताः

- निलकण्ठ नगरपालिकाका नगर प्रमुख श्री भिम प्रसाद ढुंगाना

  **अतिथिहरु**
- प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद लम्साल
- निमित्त प्रशासकिय अधिकृत निलकण्ठ नगरपालिका श्री तुल बहादुर महत
- सामाजिक विकास समितिका संयोजक श्री कल्पना रेग्मी
- शिक्षा विकास तथा समन्वय इकाई शा.अ. कृष्ण श्रेष्ठ
- जिल्ला खेलकुद विकास समितिका अध्यक्ष श्री प्रताप सिंह तामाङ
- निलकण्ठ नगरपालिका स्रोत व्यक्ति श्री मेघनाथ कोइराला
- कार्यक्रममा सहभागी हुनु भएका खेलाडीहरु लगायतका उपस्थित महानुभावहरु

७. स्वागत मनतब्य/ कार्यक्रम संयोजकः महेन्द्र सुवेदी, उपसचिव युवा तथा खेलकुद मन्त्रालय

८. कार्यक्रम संचालन : शाखा अधिकृत प्रमिला खरेल

९. सहजकर्ता : सन्तोषी श्रेष्ठ, एथलेटिक्स अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी

१०. राष्ट्रिय गानः सामुहिक

११. परिचय कार्यक्रम र श्रीमान सचिवज्यू बाट मनतब्य सहित प्रशिक्षकलाई अन्तर्क्रिया कार्यक्रम सञ्चालन

**अन्तर्क्रिया कार्यक्रम ११.०० बजे देखि २.३० सम्म**

**खेलकुद सम्बन्धमा बिद्यमान अवस्थाका सम्बन्धमा मनतब्य**

- नगर प्रमुख श्री भिम प्रसाद ढुंगाना
- प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद लम्साल
- निमित्त प्रशासकिय अधिकृत निलकण्ठ नगरपालिका श्री तुल बहादुर महत
- सामाजिक विकास समितिका संयोजक श्री कल्पना रेग्मी
- शिक्षा विकास तथा समन्वय इकाई शा.अ. कृष्ण श्रेष्ठ
- जिल्ला खेलकुद विकास समितिका अध्यक्ष श्री प्रताप सिंह तामाङ
- निलकण्ठ नगरपालिका स्रोत व्यक्ति श्री मेघनाथ कोइराला

**अन्तर्क्रिया कार्यक्रमको उद्घाटन सत्रको समापनमा मन्तव्य**

- निलकण्ठ नगरपालिकाका नगर प्रमुखज्यू बाट मनतब्य तथा निर्देशन सहित अन्तर्क्रिया कार्यक्रमको समापन

**खाजाः: दिउँसो ३.४५**

**घ. कार्यक्रममा उपस्थित सहभागीहरुको बिबरणः**

| क स | नाम थर |
|---|---|
| १ | डा. दामोदर रेग्मी |
| २ | भिम प्रसाद ढुंगाना |
| ३ | कृष्ण प्रसाद लम्साल |
| ४ | तुल बहादुर महत |
| ५ | कल्पना रेग्मी |
| ६ | मेघनाथ कोइराला |
| ७ | कृष्ण कुमार श्रेष्ठ |
| ८ | प्रताप सिंह तामाङ |
| ९ | सन्तोषी श्रेष्ठ |
| १० | अमृत तामाङ |
| ११ | दिनेश थापा मगर |
| १२ | नारायण सिलवाल |
| १३ | विकास कोइराला |

| | |
|---|---|
| १४ | ठग बहादुर थापा मगर |
| १५ | अमृत साउद |
| १६ | विशाल बस्नेत |
| १७ | लोकेन्द्र सिंह भण्डारी |
| १८ | डिल बहादुर राई |
| १९ | बल बहादुर मगर |
| २० | महेन्द्र बहादुर ढुंगाना |
| २१ | धन बहादुर गुरुङ |
| २२ | प्रदिप गिरी |
| २३ | रवि भण्डारी |
| २४ | हृदय राम मुरख |
| २५ | सुमन सेडाइ |
| २६ | नगेन्द्र महतो |
| २७ | विष्णु कुमार राउत |
| २८ | अनिश अधिकारी |
| २९ | गौतम श्रेष्ठ |
| ३० | भीष० श्रेष्ठ |
| ३१ | सविन तामाङ |
| ३२ | मरियम तामाङ |
| ३३ | शंकर धमला |
| ३४ | लक्ष्मण मल्ल ठकुरी |
| ३५ | विष्णु लाल श्रेष्ठ |
| ३६ | अनन्त बहादुर नेपाली |
| ३७ | अर्जुन ठाडा |
| ३८ | जगनाथ अधिकारी |
| ३९ | करण गुरुङ |
| ४० | प्रकाश गुरुङ |
| ४१ | सन्देश घले |
| ४२ | नरेन्द्र  खड्का |
| ४३ | विशाल भाट |
| ४४ | राम कुमार थापा |
| ४५ | रामचन्द्र गिरी |

**ङ. कार्यक्रम सञ्चालन बिधिः**

कार्यक्रम सञ्चालनको क्रममा प्रवचन, छलफल र अनुभव आदानप्रदान लगायत गुनासो समेतको प्रस्तुति लगायत पुर्ण रुपमा अन्तरक्रियालाई जोड दिइएको थियो ।

**च. अन्तरक्रियाको क्रममा उठेका मुलभुत समस्याहरु र समाधानका उपायहरुः**

**समस्याहरुः**

- ब्यबसायिक खेलाडीको रुपमा रहि अन्य पेशा नअपनाई जीवन निर्वाह गर्न नसकिएको अवस्था ।
- खेलाडी उत्पादनको लागि आवश्यक प्रशिक्षण केन्द्र लगायतका अन्य आवश्यक पूर्वाधारहरुको अप्रर्याप्तता ।
- आर्थिक स्रोतको अपर्याप्तताको कारण कतिपय बिश्व स्तरमा चर्चामा आएका खेलहरुको बिकास हुन नसकेको साथै खेलाडीहरु पनि उत्पादन हुन नसकेको ।
- खेलाडीले खेलप्रतियोगितामा नै बढी समर्पित हुनु परेको कारण रोजगारीका अवसरहरुमा समावेशी प्रावधान अनुरुपको सकरात्मक बिभेदको दायरामा समेटिन नसकेको अवस्था रहेको ।
- अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सक्षम खेलाडीहरु छनौटमा बस्तुनिष्ट कार्यप्रक्रियाको अभाव रहेको ।
- गाउँमा रहेका सम्भाबित खेलाडीहरुको प्रतिभा बिकास हुन नसकेको ।
- खेलकुद प्रतियोगितामा लगातार खेलाडीहरुलाई आराम गर्न नै नदिई खेलाउने कार्य समेत भएको जसले गर्दा घाइते हुने सम्भावना बढेको ।
- ताइक्वान्दो कराते जस्ता ब्यक्तिगत खेलहरुको बिकास तथा त्यस्ता खेलहरुको उत्थानमा सामुहिक खेलको जस्तो हुन नसकेको ।
- योजनाबद्ध किसिम वाट खेलको बिकास हुनु पर्नेमा सो नभएको ।
- खेलकुद बिकास ऐन बाट समेत समस्या निस्केको, खेल संघहरु र सरकार बीच दन्द बढेको ।
- ताईक्वान्दो र कराते खेलको बिकासको लागि संस्थागत सयन्त्रको अभाव ।
- ब्यक्तिगत खर्चमा समेत अन्तराष्ट्रिय गेममा जानु पर्ने अवस्था ।

**समस्या समधानका लागि आवश्यक सुझावहरुः**

- राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिताले खेलाडी उत्पादनको लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसका लागि प्रदेश अन्तर्गत विद्यालयबाट आउने खेलाडीहरुलाई विद्यालय स्तरमा नै प्रशिक्षण गरि आउनु पर्ने हो तर प्रशिक्षण नभई आएका छन् त्यस कारण प्रत्येक विद्यालयमा स्पोर्ट शिक्षक राख्नु पर्ने जरुरी देखिन्छ।
- खेलाडी तथा खेलकुद क्षेत्रमा रहेका समस्याहरुको समाधानको लागि खेलकुद परिषद र खेल संघका पदाधिकारीहरुलाई सँगै राखी छलफल गर्नु पर्ने आवश्यकता रहेको ।
- खेलकुद सम्बन्धी कार्यक्रमहरुमा कर्पोरेट हाउस र मिडिया समेतलाई समावेश गर्नु पर्ने ।
- खेलाडीहरुको जीवन पर्यन्त वीमा गरिने ब्यबस्थामा जोड दिनु पर्ने ।

- खेलाडीहरुले शैक्षिक तथा एकेडेमिक बिकासमा जोड दिई प्रतिसपर्धामा सक्षम रहन जोड दिने ।
- खेलाडीहरुले खेल क्रियाकलापमा उचित लगाव राखी पुर्ण अनुशासनमा रही सदैव अभिप्रेरित हुन प्रयत्नशील रहने ।
- खेल संघमा खेलाडीहरुको सहभागितालाई प्रभावकारी बनाई खेलाडीको हितमा निर्णय गराउनु पर्ने वातावरणको सिर्जना गराउन आवश्यक पहल गरिने ।

**छ. निश्कर्षः**

अन्तराष्ट्रिय पदक विजेता एवं राष्ट्रिय स्तरका खेलाडी तथा प्रशिक्षकहरुसँग अन्तरक्रिया कार्यक्रम बाट खेलकुदका क्षेत्रमा समर्पित भएका खेलाडीहरुको खेल प्रतिको लगावलाई अझ प्रभावकारी वनाउन उत्प्रेरणा मिल्ने भएकोले यस्ता कार्यक्रमहरु संचालन गरिनु आवश्यक रहेको छ । सफल खेलाडीले गरेका प्रयत्न तथा असफलतालाई आत्मसात गर्दै आफुमा भएका कमी कम्जोरीहरुलाई सुधार गरी धर्यता पुर्वक अवशरलाई सदुपयोगमा बदल्ने कलाको नवप्रवेशी खेलाडीहरुलाई सञ्चार गराउनु पनि खेलकुद विकासको क्षेत्रमा अपरीहार्यता रहेकोले पनि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनु पर्दछ । प्रस्तुत कार्यक्रममा पनि ब्यपक अन्तरक्रिया भै खेलकुद क्षेत्रमा बिद्यमान रहेका समस्याहरुको समेत उजागर भएकोले आगामी दिनमा खेलकुद क्षेत्रको नीति तर्जुमा गर्नमा समेत यस कार्यक्रमको योगदान रहने अपेक्षा गर्न सकिन्छ ।खेलाडी तयार गर्ने भिजन के के छ ? राष्ट्रिय खेलकुद परिषद्को र स्थानीय तहको भिजन एउटै हुनु पर्ने देखिन्छ ।

प्रतिवेदन पेश गर्ने

उप सचिव महेन्द्र सुवेदी

शाखा अधिकृत प्रमिला खरेल

कम्प्युटर अपरेटर श्रीकृष्ण खकुरेल

## कार्यक्रमका केही झलकहरु











अन्तर्राष्ट्रिय तथा राष्ट्रिय
खेलाडीहरु


अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पदक विजेता
खेलाडीहरु बीच
अन्तरक्रिया कार्यक्रम